# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा, विष्णुपुरा, रुपन्देही                                                    लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः- २०८०।८१ **कृषि स्नातक प्राविधिक पदमा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !**

चलानी नं.:-

प्रथम पटक प्रकाशित मितिः २०८०।०७।२३

आर्थिक वर्ष २०८०/८१को संघीय वजेट वक्तव्यको बुँदा नं ९० मा प्राविधिक ज्ञान उपलब्ध गराउन प्रत्येक स्थानीय तहमा कृषि तथा पशु विज्ञानमा स्नातक गरेका एक एक जना जनशक्ति उपलब्ध गराउने व्यवस्था उल्लेख भए बमोजिम कृषि स्नातक प्राविधिक परिचालन को लागि यस गैडहवा गाउँपालिकामा संघीय सरकावाट सशर्त अनुदान प्राप्त वजेटबाट कृषि तथा पशु पन्छी विकास कार्यक्रमहरुको कार्यान्वयनमा प्राविधिक सहयोग प्रविधि प्रसार, आवश्यक समन्वय र सहजीकरणका लागि कृषि स्नातक प्राविधिक पद संख्या-१(एक) खुला प्रतिस्पर्धाको माध्यमबाट करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित **भएको १५ दिन भित्र माग** भए बमोजिमका विवरण र यस कार्यालयको राजस्व शाखामा वुझाएको रसिद सहित निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।(रीत नपुर्याइ तथा कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।)

| क. सं. | "विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २/२०८०।८१ | कृषि स्नातक प्राविधिक | छैठौं | १(एक) |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क.नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक उत्तीर्ण गरेको।

ख.दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

**ग.प्रचलित कानून बमोजिम आयोग्य नठहरिएको।**

**२.दरखास्त दिने स्थानः** गैडहवा गाउँपालिका कार्यालय। यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइटwww.gaidahawamun.gov.np बाट उपलब्ध हुनेछ ।

**३.आवेदन दस्तुरः**रु १०००।- (एक हजार मात्र)

**४.दरखास्त अवधीः** सुचना प्रकाशन भएको मिति देखि १५ दिन भित्र (कार्यालय समय भित्र) ।(अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सम्म)

**५.छनौटको किसिमः**प्रारम्भिक सूची प्रकाशन लिखित परीक्षा तथा अन्तर्वार्ता ।

**६.करार अवधीः** २०८१ असार मसान्त सम्म ।

**७.आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**आवेदकले स्वयं प्रमाणित गरेको देहाय बमोजिमका कागजातका प्रतिलिपिहरु

क. नागरिकता ख.न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र ग.चारित्रिक प्रमाणपत्र

घ.कामसँग सम्बन्धित अनुभव भए सो को कागजात ङ .विषय संग सम्बन्धित तालिम लिएको भए सो प्रमाणपत्र च.३ प्रति पासपोर्ट साईजको फोटो

**८. लिखित परीक्षा तथा अन्तर्वार्ताको मिति पछि प्रकाशन गरिनेछ । ९. पारिश्रमिक र सेवा सुविधाः** विभागीय मन्त्रीस्तर निर्णयवाट मिति २०८०.०५.१० गते स्वीकृत भएको स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८०मा तोकिए बमोजिम हुने । *नोटः थप जानकारीका लागि ९८५७०३९२८२,९८५७०१६१५९,९८४३२११६२८ र ९८११४४४१७मा सम्पर्क गर्न सक्नुहुनेछ ।*

२०८०।७।२३

..............................
कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

**कृष्ण प्रसाद पन्थी**
**प्रमुख प्रशासकीय अधिकृत**

E-mail: gaidahawagaupalika@gmail.com                    Website: gaidahawamun.gov.np